“समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार”

# बगनासकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

चिर्तुङ्गधारा, पाल्पा ।

२०८१ वैशाख १५ ।



गाउँपालिकाको कार्यालय



निर्माण सम्पन्न गाउँपालिकाको कार्यालय

प्रशासकीय भवन

# १ – गाउँपालिकाको परिचय

## ऐतिहासिक चिनारी तथा नामकरण

गाउँपालिकाको नामाकरण गर्ने क्रममा शुरुमा यहाँका राजनैतिक दलहरुमा दुई मत रहेको थियो।पहिलो मत साविक यम्घा, दर्लमडाँडा र खानिगाउँ गा.वि.स.को काखमा बहने पवित्र कालिगण्डकी नदीको नामबाट नामाकरण गरी कालिगण्डकी गाउँपालिका नामाकरण गर्ने भन्ने थियो भने दोस्रो मत साविक चिर्तुङ्गधारा गा.वि.स.को शिरमा रहेको पवित्र धार्मिक स्थल बगनासदेवी स्थानको नामबाट बगनासदेवी गाउँपालिका नामाकरण गर्ने भन्ने रहेको थियो।अन्त्यमा दुवै नामलाई मिलाई नामाकरण गर्ने सहमति भए पछि बगनासदेवीको बगनास र कालिगण्डकीको काली शब्दको संयोजनवाट बगनासकाली गाउँपालिका नामाकरण भएको हो। यहाँको पवित्र धार्मिक स्थल बगनासदेवी स्थानको ईतिहास निकै पुरानो मानिन्छ। परापूर्वकालमा चिलाङ्गदी भन्ज्याङ्गको आसपासमा घना वन थियो।मानिसहरुको आबादी बढ्दै जाँदा घना वन मासेर बस्ती बसाईएकोले यो ठाँउलाई वनमासा भनियो।बगनास डाँडाको शिरमा देविको मन्दिर स्थापना गरी यस ठाउँलाई पवित्र स्थानका रुपमा पूजिदै आईयो।कालान्तरमा बननास शब्द अपभ्रम्स भएर बगनास भएको किम्वदन्ती रहेको छ।राज्य पुनर्संरचना गरि संघीय शासन व्यवस्था लागु गर्ने सन्दर्भमा साविक चिर्तुङ्गधारा गा.वि.स.को कार्यालय भएको भवनबाट कार्यालय सञ्चालन भई रहेको छ।

## १ – क्रमश

### भौगोलिक अवस्थिति र बनोट

बगनासकाली गाउँपालिका, पाल्पाको सदरमुकाम तानसेन नगरपालिका देखी ७ कि.मि. उत्तरमा अवस्थित छ । यो गाउँपालिका ८४.१६ बर्ग कि.मि. क्षेत्रमा फैलिएको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार यहाँको कुल जनसँख्या (२१३६१ रहेको छ । यस गाउँपालिकाको पूर्वमा रम्भा गाँउपालिका, पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालिगण्डकी नदी, दक्षिणमा माथागढी गाँउपालिका पर्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार महिला- १०१०१, पुरुष- ८३९६ गरी जम्मा १८४९७ रहेको छ । यस गाउँपालिकाको केन्द्र साविक चिर्तुङ्गधारा गा.वि.स.को चिलाङ्दी भञ्ज्याङ्मा राख्ने सहमति भएता पनि हाल कार्यालय संचालनका लागि भौतिक पूर्वाधार नभएका कारण साविक चिर्तुङ्गधारा गा.वि.स.को कार्यालय भएको भवनबाट कार्यालय संचालन भई आएको छ । कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको छ । कार्यालयको भवन निर्माण भएपछि सोहि भवनबाट कार्यालय संचालन हुनेछ ।

# धार्मिक एवं पर्यटकीय क्षेत्र

धार्मिक, ऐतिहासिक, पर्यटकीय तथा महत्वपूर्ण स्थल- बगनास देविस्थान, दर्लम महाकाली, महामृत्युन्जय शिवासन, सिद्ध गुफा मन्दिर, रामनदी (राम्दी) धाम, मालारानी, रानीमहल क्षेत्र, ऋषिकेषेश्वर मन्दिर, बौद्ध गुम्वा, माडी फाँट, सिद्धबाबा मन्दिर, भगवती मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर, चेचीकोट मन्दिर, आर्यभङ्याङ्ग, चिलाङ्दी भङ्याङ्ग, झिरभङ्याङ्ग, तिनछाँगा, चमेरे गुफा, गुडुवाखोला आदि रहेका छन् ।

## राजनीतिक अवस्थितिः

“बगनासकाली गाउँपालिका” नेपाल सरकारद्धारा २०७३ फागुन ९ मा निर्णय गरी २०७३ फागुन २७ गते नेपाल राजपत्रमा प्रकाशन गरेपछि यसको विधिवत स्थापना भएको हो। यस बगनासकाली गाउँपालिकामा साविकका ९ वटा गाउँ विकास समितिहरुलाई ९ वटा वडामा समायोजन गरी, नेपाल सरकारको मिति २०७३।११।९ को निणर्य अनुसार यो गाउँपालिका स्थापना भएको हो। अहिले (साविकको चिर्तुङ्धारा गा.वि.स.) वार्ड न. १, त्यसैगरी (साविकको पोखराथोक गा.वि.स.) वार्ड न. २, (साविकको नायरनमतलेस गा.वि.स.) वार्ड न. ३, (साविकको खानिछाप गा.वि.स.) वार्ड न. ४,(साविकको दर्लमडाँडा गा.वि.स.) वार्ड न. ५, (साविकको यम्घा गा.वि.स.) वार्ड न. ६,(साविकको खानीगाउँ गा.वि.स.) वार्ड न. ७,(साविकको बराङ्गदी गा.वि.स.को वाड न. १, ७, ९) वार्ड न. ८ र (साविकको चापपानी गा.वि.स.) हालको वार्ड न. ९ वनेको छ। यस गाउँपालिकामा विभिन्न कला, संस्कृति, भाषा, धर्म, जातजातिका समुदायको समिश्रण रहेको छ। यहाँ ब्राह्ममण, क्षेत्री, मगर, नेवार, दलित, कुमाल, बोटे जातिको बसोवास रहेको छ ।

# जातजाति र जनसांख्यिक विवरण

राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याको विविध पक्षहरुको विश्लेषण गरिएको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार बगनासकाली गाउँपालिकाको जनसंख्या २१,३६१ रहेको थियो । WASH घरपरिवार सर्वेक्षण, २०७६ अनुसार बगनासकाली गाउँपालिकाको जनसंख्या २८,८४९ रहेको छ जस मध्ये पुरुष १३,९४६ जना र महिला १४,८९७ जना रहेका छन् । जातजातिका आधारमा घरपरिवार विवरण अन्तर्गत आदिवासी जनजाति-२,५७४, ब्राह्मण, क्षेत्री-२,०५०, दलित-५५२, मधेसी-४ मुस्लिम-३ सिमान्तकृत-७६ रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार महिला-१०,१०१ पुरुष- ८,३९६ गरी जम्मा १८,४९७ रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार परिवार संख्या ५,११५ परिवारको औसत आकार ३.६, लैङ्गिक अनुपात ८३, वार्षिक जनसंख्या बृद्धिदर-१ प्रतिशत, जनघनत्व २२० र साक्षरता दर जम्मा ८२.५ प्रतिशत छ ।जसमा पुरुष ९१ प्रतिशत र महिला ७४ प्रतिशत रहेको छ ।

## शैक्षिक संस्था

यस गाउँपालिकामा सरकारी विद्यालय : ३० र निजी विद्यालय-७ गरी जम्मा ३७ विद्यालय रहेका छन् । जसमध्ये पूर्व प्राथमिक (इ.सि.डी) २४, आधारभूत तह (१-५) ११, आधारभूत तह (६-८) ९, मा.वि. (९-१०)-१० र प्राविधिक शिक्षा १ वटा रहेका छन् ।

## स्वास्थ्य संस्था

गाउँपालिका स्वास्थ्य शाखा १, स्वास्थ्य चौकी ९, सामुदायिक स्वास्थ्य इकाई-२ र आयुर्वेद केन्द्र-१ रहेका छन् । प्रत्येक वडामा १/१ वटा स्वास्थ्य चौकी रहेको छ भने वडा नं. ८ मा आयुवर्दे केन्द्र रहेको छ ।

## सहकारी संस्था

यस गाउँपालिकामा जम्मा ३१ वटा सहकारी संस्था रहेका छन् । यसमध्ये प्रदेशतर्फको श्रम सहकारी संस्था पनि गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेको छ ।

- ❖ जिल्ला सदरमूकामदेखि ७ किलोमिटर उत्तरपूर्वमा रहेको छ ।
- ❖ साविकका ९ वटा गा.वि.स.हरू यस गाउँपालिका समेटिएका छन् ।
- ❖ गाउँपालिकाको नामकरण बगनास पर्वत, बगनासथोक, बगनासदेवी, बगनासे चापी तथा पवित्र कालीगण्डकीको संयोजनबाट भएको हो ।
- ❖ विभिन्न कला, संस्कृति, भाषा, धर्म, जातजातिहरुको समिश्रण छ ।
- ❖ कृषि र धार्मिक पर्यटनका क्षेत्रमा परिवर्तनको प्रसस्त सम्भावना छ ।
- ❖ राष्ट्रिय जनगणना २०७८ अनुसार पाल्पा जिल्लाको स्थानीय तह अनुसारको जनसांख्यिक विवरण महिला– १०१०१, पुरुष– ८३९६ गरी जम्मा १८४९७ रहेको छ ।
- ❖ गाउँपालिकामा सरकारी विद्यालय - ३० र निजी विद्यालय-७ गरी जम्मा ३७ विद्यालय रहेका छन् ।
- ❖ गाउँपालिका स्वास्थ्य शाखा १, स्वास्थ्य चौकी ९, सामुदायिक स्वास्थ्य इकाई-२ र आयुर्वेद केन्द्र-१ रहेका छन् । प्रत्येक वडामा १/१ वटा स्वास्थ्य चौकी रहेको छ भने वडा नं. ८ मा आयुवर्दे केन्द्र रहेको छ । गाउँपालिकामा जम्मा ३१ वटा सहकारी संस्था रहेका छन् ।

## १) कानून निर्माण

क. हालसम्म निर्माण भएका कानूनहरुको संख्याः

| कानूनहरु | पहिलो कार्यकाल | दोस्रो कार्यकाल |
|---|---|---|
| ✓ ऐन- | ६ | १३ |
| ✓ नियम - | ४ | १ |
| ✓ कार्यविधि- | ३२ | ३० |
| ✓ निर्देशिका- | ३ | २ |
| ✓ मापदण्ड- | १ | ३ |
| ✓ अन्य - | २ | १ |
| जम्मा | ४८ | ५० |

**जम्मा – ९८**

## ख) कानून निर्माण गर्दा लिइएका कानूनी आधारहरुः–

### अ) संवैधानिक/कानूनी आधार

- ❖ नेपालको संविधान
- ❖ स्थानीय सरकार सञ्चालन ऐन-२०७५
- ❖ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको नमूना मस्यौदा
- ❖ प्रदेश सरकारले उपलब्ध गराएको नमूना मस्यौदा
- ❖ संघिय र प्रदेश सरकारका प्रचलित ऐन, नियमहरु
- ❖ संघिय तथा प्रदेश सरकारबाट प्राप्त विभिन्न निर्देशनहरु

# कानून निर्माण गर्दा अवलम्बन गरिएका प्रमुख प्रक्रिया

- ❖ आवश्यकताको पहिचान गर्ने ।
- ❖ विधेयक मस्यौदा तयार गर्ने ।
- ❖ विधान समितिको बैठक राखी मस्यौदा उपर छलफल गर्ने र गाउँसभाका सम्पूर्ण सदस्यहरुलाई उपलब्ध गराई राय/सुझाव संकलन गर्ने ।
- ❖ कार्यपालिकामा मस्यौदा पेशको लागि सिफारिस गर्ने ।
- ❖ कार्यपालिकामा मस्यौदा पेशको लागि गा.पा अध्यक्षको पूर्व स्वीकृत लिई कार्यपालिका प्रस्ताव पेश गर्ने ।
- ❖ कार्यपालिकामा विधेयकको मस्यौदा उपर छलफल गरी सुझाव सहित विधान समितिमा फिर्ता गर्ने ।
- ❖ विधान समितिले प्राप्त सुझाव समावेश गरी ऐनको हकमा गाउँसभा पेशगर्ने र नियम, निर्देशिका र कार्यविधिको हकमा पास गर्नको लागि गाउँकार्यपालिका सिफारिसको लागि निर्णय गर्ने ।
- ❖ ऐनको मस्यौदाको हकमा कार्यपालिकाबाट गाउँसभामा सिफारिस गर्ने र अन्य नियम, निर्देशिका, कार्यविधिहको हकमा पासको लागि अध्यक्षको स्वीकृत लिई कार्यपालिकामा पशे गर्ने ।

- कार्यपालिकाले सिफारिस गरेको ऐनको मस्यौदाको हकमा गा.पा.अध्यक्षको स्वीकृत लिई गाउँसभामा पेश गर्ने।
- कार्यपालिका र गाउँसभामा पेश भए बमोजिम हुबहु वा संशोधन सहित पास गरेका ऐन र नियम ४ प्रति नेपाली कागजमा एक तर्फ गराई गरी गा.पा अध्यक्षले प्रमाणिकरण गरी १ प्रति कार्यालयको सूचना केन्द्रमा, १ प्रति प्रमुख प्रशासकीय अधिकृतको सचिवालयमा, १ प्रति संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालयमा र १ प्रति प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाउने साथै १५ दिन भित्र सबै वडा कार्यालयहरुमा पठाउने।
- कार्यपालिकाले पास गरेको निर्देशिका, कार्यविधि र मापदण्ड ३ प्रति नेपाली कागजमा तयार गरी प्रत्येक पानाको तल र माथि प्रमुख प्रशासकीय अधिकृतले प्रमाणिकरण गरी एक प्रति कार्यालयको सूचना केन्द्रमा, १ प्रति प्रमुख प्रशासकीय अधिकृतको सचिवालयमा, १ प्रति कार्यान्वयन गर्ने सम्बन्धीत शाखामा पठाउने साथै जानकारीको लागि सबै वडा कार्यालयमा पठाउने।
- यसरी प्रमाणिकरण भएका ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि सर्वसाधारणको जानकारीको लागी विभिन्न माध्यमबाट सार्वजनिक गर्ने।
- यसरी प्रमाणिकरण भएका ऐन, नियम, निर्देशिका, मापदण्ड लगायतका कागजात मध्ये ऐनलाई स्थानीय राजपत्रको भाग- १, नियमावलिलाई – भाग २, निर्देशिका,मापदण्ड र कार्यविधिलाई – भाग ३ मा प्रकाशन गर्ने।
- राजप्रत्रमा प्रकाशन भएका ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्ड पुस्तक तयार गर्ने।
- प्रमाणिकरण भएको मिति देखि ऐन, नियम, कार्यविधि, निर्देशिका, मापदण्डहरुको प्रयोग गर्ने।

## कानून निर्माण गर्दा लागेको समय

अधिकतम २ महिना न्यूनतम १ महिना

## कानून निर्माण गर्दा भोगेका समस्याहरु

- ❖स्थानीय तहमा कानून अधिकृतको दरबन्दी नभएको, कानूनका विज्ञ नियूक्ति गरी कामकाजमा लगाउने बजेटको अभाव
- ❖ सम्बन्धीत सरोकारवालाहरुबाट समयमा राय/सुझाव प्राप्त नहुनु,
- ❖जनप्रतिनिधि र कर्मचारीलाई ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड निर्माणका लागि संघिय सरकार र प्रदेश सरकारहरुले हालसम्म कुनैपनि प्रशिक्षण, तालिम तथा अभिमुखीकरण कार्यक्रम नहुनु,

# सभा सञ्चालन

क) हालसम्म सञ्चालित अधिवेशनगत  बैठकको संख्या (२०७४ देखि हालसम्म)

पहिलो कार्यकाल (२०७४ देखि २०७९) – ११ वटा

दोस्रो कार्यकाल (२०७९ देखि हालसम्म) – ४ वटा

**जम्मा – १५ वटा**

# विषयगत समिति/अन्य समितिहरुको नाम र बैठक संख्या

- न्यायिक समिति – १०२
- राजश्व परामर्श समिति – ४८
- स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति – ९
- बजेट तथा कार्यक्रम तर्जुमा समिति- १५
- आर्थिक विकास समिति – १४
- सामाजिक विकास समिति- ३०
- भौतिक पूर्वाधार विकास समिति – १९
- वन वातावरण तथा विपद् व्यवस्थापन समिति- २७
- सुशासन तथा क्षमता विकास समिति- १८
- विधेयक समिति-४१
- लेखा समिति- १७
- योजना अनुगमन समिति- ८५
- जलस्रोत समिति – ४२
- सामाजिक सुरक्षा भत्ता वितरण व्यवस्थापन अध्ययन समिति – ९
- युवा तथा खेलकुद समन्वय समिति- ५

# सभा सञ्चालन गर्दा अवलम्बन गरिएको प्रक्रिया

❖स्थानिय तहको निर्वाचनको अन्तिम परिमाण धोषण भएको मितिले १ महिना भित्र अध्यक्षले पहिलो अधिवेशन आव्हान गर्ने।

❖अधिवेशन आव्हान गरेको सूचना पहिलो बैठक बस्नु भन्दा ७ दिन अगाडी सचिवालयले सदस्यहरुलाई दिनुपर्नेछ।

❖सभा सचिवालयले बैठकको तयार हल व्यवस्थापन सम्बन्धीत कार्यहरु गर्दछ।

❖सभा सदस्यहरको उपस्थिती प्रत्येक सदस्यले बैठक कक्ष बाहिर राखिएको हाजिरी पुस्तिकामा जनाउदछन्।

❖सभाको गणक पुरक संख्या सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी उपस्थिती नभएमा कुनै प्रश्न वा प्रस्ताव निर्णयको लागि प्रस्तुत गरिने छैन।

❖समग्रमा लुम्बिनी प्रदेशको गाउँसभा सञ्चालन कार्यविधि२०७६ बमोजिम सभा सञ्चालन, व्यवस्थापन र कागजात प्रमाणिकरण तथा कार्यान्वयन गर्ने गरिएको।

## कानून निर्माण तथा सभा सञ्चालन गर्दा भोगेका समस्या समाधानका लागि सुझावहरु:-

- ❖स्थानीय तहमा कानून अधिकृतको दरबन्दी राख्नु पर्ने ,
- ❖ सम्बन्धीत सरोकारवालाहरुसँग व्यापक छलफल गर्नुपर्ने,
- ❖जनप्रतिनिधि र कर्मचारीलाई ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड निर्माणका लागि संघिय सरकार र प्रदेश सरकारहरुले तालिम, प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम दिनुपर्ने,
- ❖स्थानीय तहमा नमुना कानुन उपलब्धता हाल संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सट्टामा प्रदेश सरकारलाई दिने,
- ❖स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको काम, कर्तव्य, अधिकार, जिम्मेवारी र उत्तरदायित्व स्पष्ट किटान गर्ने,
- ❖गाउँ सभामा संसदिय अभ्यासलाई संस्थागत गर्नुपर्ने,
- ❖सहभागितामुलक कानुन तर्जुमा गर्ने पद्धतीको अवलम्वन गर्नुपर्ने,
- ❖कानून निर्माणलाई प्रभावकारी वनाउन कानूनी सचेतना र कानुनी साक्षरता सम्बन्धी कार्यशाखा गोष्ठी सन्चालन गर्ने ।

## लुम्बिनी प्रदेश सभासँगको कानून निर्माण र सभा सञ्चालन सम्बन्धमा गरिएका अपेक्षा:-

- ❖ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड निर्माण सम्बन्धी तहगत प्रशिक्षण दिने ।
- ❖ स्थानीय सरकारको अधिकार क्षेत्रभित्र रही निर्माण गरिने ऐन, नियमको मस्यौदा उपलब्ध गराउने ।
- ❖ सभासञ्चालन सम्बन्धमा जनप्रतिनिधि र कर्मचारीलाई समय सापेक्ष प्रशिक्षेण दिने ।
- ❖ सभासञ्चालन सम्बन्धी कार्यविधिमा समय सापेक्ष संशोधन गर्ने ।